नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं.: २०८१।०८२

च.नं.:

मिति: २०८१/१०/१३

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/१३**

आर्थिक वर्ष २०८१/०८२ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८१" बमोजिम उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सक्ने सम्भावित साझे | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा १५ वटा माउ बाखा हुनुपर्नेछ । समूहको हकमा कम्तिमा ३ जना बाखापालक सदस्य भई प्रतिपालक सदस्यले १० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ सहकारीको हकमा ५० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ ।आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ । |
| २ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-६ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं ६ को हुनुपर्नेछ । |
| ३ | गाई भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-४ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा३वटा माउ गाई /२ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा गाई / भैसीपालक सदस्य भई कम्तिमा ७ वटा माउ गाई/ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं ४को हुनुपर्नेछ । |
| ४ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा ३ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ । |

**प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः**

१. अनुसूची २ अनुसारको आवेदन पत्र
२. अनुसूची- ३बमोजिमको संक्षिप्त कार्ययोजना /अनुसूची -५ बमोजिमको प्रतिवद्धता पत्र/अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र,
३. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि,
४. फर्म/संस्था दर्ता नवीकरण, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,कर चुक्ताको प्रमाणित प्रतिलिपि
५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि,
६. सम्बन्धित वडाको सिफारिस-पत्र,
७. जग्गाको स्वामित्व देखिने प्रमाण पत्र वा भाडामा भए कम्तिमा ५ बर्षको करार सम्झौता पत्र,
८. प्रस्तावको मुल्यांकन गर्दा हाल पालन पोषण गरिरहेको पशुसंख्यालाई समेत आधार मानिने हुँदा अनिवार्य रुपमा संख्या फरक नपर्ने गरी संख्या उल्लेख गर्नुपर्ने छ
९. बैदेशिक रोजगारबाट फर्केका भए सो सम्बन्धि विवरण
१०. बजारिकरणको सम्बन्धमा भएको सम्झौता वा सहमतीको प्रमाण
११. कार्यक्रम संचालन गर्ने प्रमुख व्यक्ती /व्यवस्थापक /काममा संलग्न व्यक्तीले सम्बन्धित कार्यक्रम संग लिईको अनुभव तालिम प्रमाणपत्रको प्रतिलिपी
१२. अन्य आवश्यक कागजातहरु

प्रमुख प्रशासकीय अधिकृत

**परिचय खण्ड**

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस निर्देशिकाको नाम"प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तथा कृषि सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका २०८१" रहेको छ।

२. यो निर्देशिका आ.व २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमका हकमा लागु हुनेछ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. **"आवेदक"** भन्नाले कार्यविधि र सार्वजनिक सूचनाअनुसार प्रस्ताव पेश गर्न योग्य व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी लाई बुझ्नु पर्दछ।

ख. **"कार्यालय"** भन्नाले नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्दछ ।

ग. **"तोकिएको क्षेत्र"** भन्नाले कार्यक्रम कार्यान्वयन हुने ठाउँलाई बुझ्नु पर्दछ ।

घ. **"कार्यक्रम"** भन्नालेआर्थिक बर्ष २०८१/०८२ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान प्रकृतिका कार्यक्रमलाई बुझ्नु पर्दछ।

ङ. **"कार्यविधि"**भन्नालेप्रदेश सरकारबाट जारी भएको स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८१ लाई बुझ्नु पर्दछ।

च. **"व्यावसायिक कृषक"**भन्नाले प्रचलित कानून बमोजिम आधिकारिक निकायहरुमा दर्ता भएका निजि फर्मलाई बुझ्नु पर्दछ ।

छ. **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह बुझ्नु पर्दछ ।

ज. **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका पशु तथा कृषि क्षेत्रमा काम गर्ने सहकारी बुझ्नु पर्दछ ।

**४. कार्यक्रम संचालनको लागि सूचना प्रकाशन तथा मुल्यांकन प्रक्रियाः**

क. **सूचना आह्वान गर्ने** : कार्यालयले कार्यक्रम संचालन गर्न कार्यक्रममा तोकिएको क्षेत्रका आवेदकहरुबाट अनुसूची -१ अनुसारको सूचना आह्वान गरी आवेदन माग गर्ने छ ।

ख. **प्रस्ताव पेश गर्नु पर्ने** : आवेदकले अनुसूची -२बमोजिमको प्रस्ताव पेश गर्नुपर्ने छ ।

ग. **कार्ययोजना पेश गर्नु पर्नेः** आवेदकले अनुसूची-३ बमोजिम कार्ययोजना पेश गर्नुपर्ने छ।

घ. आवेदकको मूल्याङ्कन तथा छनौट कार्यालयबाट प्रकाशित गरेको सूचना बमोजिम पेश भएका प्राप्त आवेदनहरुको मुल्यांकनको लागि देहायबमोजिमको एक समिति रहने छ ।

अ. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

आ. आर्थिक विकास समिति संयोजक तथा सदस्यहरु (४ जना) -सदस्य

इ. कृषि विकास शाखा (१ जना)-सदस्य

ई. पशु सेवा शाखा (१ जना)-सदस्य

उ. समितिले मनोनयन गरेका सम्बन्धित क्षेत्रका बिज्ञ १ जना-सदस्य

ऊ. सम्बन्धित शाखा हेर्ने कर्मचारी-सदस्य सचिव

ऋ. समितिले आवश्यक ठानेमा सम्बन्धित विषय र क्षेत्रका पधाधिकारीहरुलाई आमन्त्रण गर्न सक्ने छ ।

ङ. समितिले अनुसूची-४ मा भएको मापदण्डको आधारमा मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

च. समितिले आपूर्तिकर्ताबाट आवश्यकताका आधारमा कुनै एक कार्यक्रमका लागि मूल्याङ्कनको प्राप्तङ्कका आधारमा एक वा एक भन्दा भन्दा बढि आवेदक छनौट गरी अनुदान उपलब्ध गराउन सक्नेछ।

**५. अनुदान वितरणका शर्त तथा मापदण्डहरु**

क. **बाखा प्रवर्दन कार्यक्रम**

१. आवेदकसँग कम्तिमा १५ वटा माउ बाखा हुनुपर्नेछ ।समूहको हकमा कम्तिमा ३ जना बाखापालक सदस्य भई प्रतिपालक सदस्यको १० वटा माउ बाखा भई एकै समुहमा राखी पालेको हुनुपर्नेछ।वा सहकारीको हकमा आफ्नै स्वामित्वमा ५० वटा माउ बाखा पालन गरिरहेको भएपनि मानिने छ ।साथै व्यवसायीक रुपमा बाखा पालन गरिरहेको हुनु पर्नेछ ।

२. आवेदक साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई कम्तिमा २ बर्ष पुरा भई सम्बन्धित क्षेत्रमा कार्यरत रहेको हुनुपर्नेछ ।

३. आवेदकले पशु आहारा जैविक सुरक्षा आदिको उचित व्यवस्थापन गरेको हुनुपर्ने छ ।

४. सम्बन्धित निकायमा दर्ता भई,नियमानुसार नवीकरण साथै लेखापरीक्षण तथा कर चुक्ता गरेको हुनुपर्ने ।

५. आवेदक पूर्ण वा आंशिक रुपमा सम्बन्धित कार्यक्रम अन्तर्गत पेशामा आवद्घ भएको र सोहि प्रकृतिको कार्यक्रम संचालनमा बिगतका २ बर्ष यता कुनै पनि संघ संस्था वा निकायबाट सहयोग प्राप्त नभएको व्यहोरा आफै प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

६. अनिवार्य पशुको बिमा गरेको हुनुपर्ने छ ।

७. आवेदक नीलकण्ठ नगरपालिकाको कार्यक्रम संचालन हुने सम्बन्धित वडाको हुनुपर्नेछ।

८. कार्यक्रम संचालनको लागि आवेदक स्वयमले आर्थिक प्रस्तावना सहित निवेदन पेश गर्नु पर्नेछ ।

९. प्रस्तावनामा उल्लेख भए बमोजिम प्रदेश सरकारको "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" बमोजिम पुँजीगत प्रकृतिका कार्यक्रम तर्फ कुल लागतको बढीमा ८०% र चालु प्रकृतिका कार्यक्रमको लागि बढीमा ५०% सम्म अनुदान उपलब्ध हुनेहुँदा कुल विनियोजित /प्रस्तावित रकमको बर्गिकरण निम्नानुसार हुने छ

अ.पूर्वाधार निर्माण/मर्मत सुधार पुँजीगत तर्फ बढीमा -४०%जसमा अधिकतम अनुदान-८०% हुनेछ।

आ.पशु खरिद चालुतर्फ- ५०% जसमा अधिकतम अनुदान प्रजनन योग्य १ (एक )भाले ब्याड पशुको खरिद गर्नुपरेमा ८०% तथा अन्यको हकमा -५०% हुनेछ।

इ.विविध(घाँस/दाना/औषधी/खोप/यान्त्रीकरण मेसिनरी औजार )-१०% जसमा अधिकतम अनुदान-५०% हुनेछ।

ई.बुँदा नं अ मा उल्लेख भए अनुसार पूर्वाधार तयार भईसकेको भएमा वा सो बराबर आवश्यक नपर्ने भएमा बुँदा नं "आ"मा थप गरी कार्यक्रम तर्जुमा गर्न सकिने छ ।

ख. **भैसी प्रवर्दन कार्यक्रम**

१. आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह/सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ।

२. आवेदक साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई कम्तिमा २ बर्ष पुरा भई सम्बन्धित क्षेत्रमा कार्यरत रहेको हुनुपर्नेछ ।

३. आवेदकले पशु आहारा जैविक सुरक्षा आदिको उचित व्यवस्थापन गरेको हुनुपर्ने छ ।

४. सम्बन्धित निकायमा दर्ता भई,नियमानुसार नवीकरण साथै लेखापरीक्षण तथा कर चुक्ता गरेको हुनुपर्ने ।

५. आवेदक पूर्ण वा आंशिक रुपमा सम्बन्धित कार्यक्रम अन्तर्गत पेशामा आवद्ध भएको र सोहि प्रकृतिको कार्यक्रम संचालनमा बिगतका २ बर्ष यता कुनै पनि संघ संस्था वा निकायबाट दोहोरो सहयोग प्राप्त नभएको व्यहोरा आफैले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

६. अनिवार्य पशुको बिमा गरेको हुनुपर्ने छ ।

७. आवेदक नीलकण्ठ नगरपालिकाको कार्यक्रम संचालन हुने सम्बन्धित वडाको हुनुपर्नेछ।

८. कार्यक्रम संचालनको लागि आवेदक स्वयमले आर्थिक प्रस्तावना सहित निवेदन पेश गर्नु पर्नेछ ।

९. प्रस्तावनामा उल्लेख भए बमोजिम प्रदेश सरकारले "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" बमोजिम पुँजीगत प्रकृतिका कार्यक्रम तर्फ कुल लागतको बढीमा ८०% र चालु प्रकृतिका कार्यक्रमको लागि बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने हुँदा कुल विनियोजित /प्रस्तावित रकमको बर्गिकरण निम्नानुसार हुने छ ।

अ. पूर्वाधार निर्माण /मर्मत सुधार (पुँजीगत तर्फ)बढीमा -४०% रहने र जसमा अधिकतम अनुदान -८०%हुनेछ ।

आ. पशु खरिद (चालु तर्फ) - ५०% रहने र जसमा अधिकतम अनुदान प्रजनन योग्य भाले ब्याड पशुको खरिद गर्नुपरेमा ८०% तथा अन्यको हकमा -५०% हुनेछ।

इ. विविध(घाँस/दाना/औषधी/खोप/यान्त्रीकरण मेसिनरी औजार ) -१०% रहने र जसमा अधिकतम अनुदान % -५०% हुनेछ।

ई. बुँदा नं अ मा उल्लेख भए अनुसार पूर्वाधार तयार भईसकेको भएमा वा सो बराबर आवश्यक नपर्ने भएमा बुँदा नं "आ"मा थप गरी कार्यक्रम तर्जुमा गर्न सकिने छ ।

**ग. गाई भैसी प्रवर्दन कार्यक्रम**

१. आवेदकसँग गाई पालेको भए कम्तिमा ३ वटा माउ गाई पालन गरेको हुनुपर्नेछ ।समूह/सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा गाई भैसीपालक सदस्य भई कम्तिमा ७ वटा माउ गाई भैसी पालन गरिरहेको हुनुपर्नेछ। आवेदक साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई कम्तिमा २ बर्ष पुरा भई सम्बन्धित क्षेत्रमा व्यवसायिक रुपमा कार्यरत रहेको हुनुपर्नेछ ।

२.आवेदकले पशु आहारा जैविक सुरक्षा आदिको उचित व्यवस्थापन गरेको हुनुपर्ने छ ।

३सम्बन्धित निकायमा दर्ता भई,नियमानुसार नवीकरण साथै लेखापरीक्षण तथा कर चुक्ता गरेको हुनुपर्ने ।

४आवेदक पूर्ण वा आंशिक रुपमा सम्बन्धित कार्यक्रम अन्तर्गत पेशामा आवद्ध भएको र सोहि प्रकृतिको कार्यक्रम संचालनमा बिगतका २ बर्ष यता कुनै पनि संघ संस्था वा निकायबाट दोहोरो सहयोग प्राप्त नभएको व्यहोरा आफैले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

५अनिवार्य पशुको बिमा गरेको हुनुपर्ने छ ।

६आवेदक नीलकण्ठ नगरपालिकाको कार्यक्रम संचालन हुने सम्बन्धित वडाको हुनुपर्नेछ।

७कार्यक्रम संचालनको लागि आवेदक स्वयमले आर्थिक प्रस्तावना सहित निवेदन पेश गर्नु पर्नेछ ।

८प्रस्तावनामा उल्लेख भए बमोजिम प्रदेश सरकारले "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" बमोजिम पुँजीगत प्रकृतिका कार्यक्रम तर्फ कुल लागतको बढीमा ८०% र चालु प्रकृतिका कार्यक्रमको लागि बढीमा ५०% सम्म अनुदान उपलब्ध हुने हुँदा कुल विनियोजित /प्रस्तावित रकमको बर्गिकरण निम्नानुसार हुने छ ।

अ. पूर्वाधार निर्माण /मर्मत सुधार (पुँजीगत तर्फ)बढीमा -४०% रहने र जसमा अधिकतम अनुदान-८०%हुनेछ ।

आ. पशु खरिद (चालु तर्फ) - ५०% रहने र जसमा अधिकतम अनुदान प्रजनन योग्य भाले ब्याड पशुको खरिद गर्नुपरेमा ८०% तथा अन्यको हकमा -५०% हुनेछ।

इ. विविध(घाँस/दाना/औषधी/खोप/यान्त्रीकरण मेसिनरी औजार ) -१०% रहने र जसमा अधिकतम अनुदान % -५०% हुनेछ।

ई. बुँदा नं अ मा उल्लेख भए अनुसार पूर्वाधार तयार भईसकेको भएमा वा सो बराबर आवश्यक नपर्ने भएमा बुँदा नं "आ"मा थप गरी कार्यक्रम तर्जुमा गर्न सकिने छ।

**१०.विविधः**

क. **सम्झौताः** यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न छनौट भएका आवेदक संग नगरपालिकाले अनुसूची-८ बमोजिम सम्झौता गर्नेछ।

ख. **कारबाहीको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

ग. **संसोधनः** यस निर्देशिकामा उल्लेखित विषयमा कार्यपालिकाबाट संसोधन गर्न सकिनेछ।

**अनुसूची १**
**दफा ४(क) सँग सम्बन्धित**
**(सूचनाको ढाँचा)**
**प्रस्ताव आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८१......./......../**

आर्थिक बर्ष २०८१/०८२ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८१" बमोजिम उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सक्ने सम्भावित स | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा १५ वटा माउ बाखा हुनुपर्नेछ । समूहको हकमा कम्तिमा ३ जना बाखापालक सदस्य भई प्रतिपालक सदस्यले १० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ सहकारीको हकमा ५० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ ।आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ । |
| २ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-६ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं ६ को हुनुपर्नेछ । |
| ३ | गाई भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-४ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं ४को हुनुपर्नेछ । |
| ४ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १० ,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा ३ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ । |

**<u>प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरु:</u>**

१. अनुसूची २ अनुसारको आवेदन पत्र
२. अनुसूची- ३बमोजिमको संक्षिप्त कार्ययोजना /अनुसूची -५ बमोजिमको प्रतिवद्धता पत्र/अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र,
३. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि,
४. फर्म/संस्था दर्ता नवीकरण, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,कर चुक्ताको प्रमाणित प्रतिलिपि
५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि,
६. सम्बन्धित वडाको सिफारिस-पत्र,
७. जग्गाको स्वामित्व देखिने प्रमाण पत्र वा भाडामा भए कम्तिमा ५ बर्षको करार सम्झौता पत्र,
८. प्रस्तावको मुल्यांकन गर्दा हाल पालन पोषण गरिरहेको पशुसंख्यालाई समेत आधार मानिने हुँदा अनिवार्य रुपमा संख्या फरक नपर्ने गरी संख्या उल्लेख गर्नुपर्ने छ
९. बैदेशिक रोजगारबाट फर्केका भए सो सम्बन्धि बिवरण
१०. बजारिकरनको सम्बन्धमा भएको सम्झौता वा सहमतीको प्रमाण
११. कार्यक्रम संचालन गर्ने प्रमुख व्यक्ती /व्यवस्थापक /काममा संलग्न व्यक्तीले सम्बन्धित कार्यक्रम संग लिईको अनुभव तालिम प्रमाणपत्रको प्रतिलिपी
१२. अन्य आवश्यक कागजातहरु

**अनुसूची २**
**दफा ४(ख) सँग सम्बन्धित**
**(आवेदनको ढाँचा)**

मिति :.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नीलकण्ठनगरपालिका
धादिङबेशी, धादिङ।

**विषयः ............................................अनुदान कार्यक्रम सम्बन्धमा ।**

महोदय,

यस नगरपालिकाकोआर्थिक बर्ष २०८१/०८२ को लागि प्रदेश सरकारबाट "स्थानीय तहमा विनियोजन भई आएका सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८१" बमोजिम कार्यक्रम संचालनको लागि संलग्न बमोजिमको प्रस्ताव ,देहाय बमोजिमको विवरण र आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु ।

**आवेदकको विवरण**

१. नाम, थर : ...........................................................
२. स्थायी ठेगान : जिल्लाः **धादिङ**, नगरपालिकाः **नीलकण्ठ नगरपालिका** वडा नं. .................., टोल/नगर .............
३. कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः ..................................
४. सम्पर्क नं :....................................................
५. कार्यक्रमको प्रकृती ....................................................
६. पशुपालनको संख्या ( निवेदन दिंदा बखतको जम्मा )
७. जग्गाको क्षेत्रफल ........................................................

**संलग्न कागजात :**

अनुसूची ३
दफा ४(ग)सँग सम्बन्धित
(कार्ययोजनाको ढाँचा)
<u>कार्यक्रमको संक्षिप्त कार्ययोजना</u>

**१.आवेदक संस्था :**

**१.१.आवेदक संस्थाको नाम र ठेगाना :**

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्ति/पदाधिकारीको नाम र पद | : | |
| सम्पर्क नं/इमेल | : | |
| कार्यक्रम हुने स्थान | : | |

**१.२ संचालक समिति/कार्य समिति पदाधिकारीको नामावली**

| क.स. | नाम | पद | सम्पर्क नं |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम**

| क.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मिति

.............................................

साधारण सदस्य संख्या :...........(क) पुरुष ...........(ख)महिला .................

शेयर सदस्य संख्या : ...........(क) पुरुष ...........(ख)महिला .................

१.४ स्थापनाकालका क्रियाकलापहरु....................................................

१.५ हालका क्रियाकलापहरु....................................................

१.६ हालसम्म सम्पन्न मुख्य /मुख्य क्रियाकलापहरु........................

**२.पशुपालनको अवस्था**

| क.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या | कार्यक्रम पश्चात पालिने संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**३.जग्गा सम्बन्धि विवरण**

| क.स. | विवरण | जग्गा धनीको नाम | क्षेत्रफल | कित्ता नं | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भौतिक संरचना | | | | आफ्नो/लिजमा |
| २ | घाँस खेती गरेको जग्गा | | | | |

**४.ऋण लिएको बिवरण (इजाजत प्राप्त वित्तीय संस्था बाट लिईएको बिवरण)**

| ऋण लगानि गर्ने वित्तीय संस्था | ऋण लिनुको उदेश्य | रकम रु | ऋण अवधि | ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका काम र उपलब्धि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

५.चरण क्षेत्र/मेसिनरी औजार /तथा नवीनतम प्रविधिको प्रयोग :

क. चरण क्षेत्र र घाँस खेतीको क्षेत्रफल ................................

.प्रमुख घाँसका जातहरु ...................................................

ख.संचालनमा आएका मेसिनरी औजारहरु ................................................

ग.नवीनतम प्रविधिको प्रयोग ....................................................

६.वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरण :

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

........................................................................................................................

७.वर्तमानको समस्याहरुः.....................(उत्पादन तथा बजारीकरणसंग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने )

**पहिचान भएका समस्याहरुको लागि समाधानका योजनाहरु :**

| क.स. | समस्याहरु | हाल गरिरहेका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| | | | |
| | | | |

**८.कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफलः**

| क.स. | क्रियाकलापको नाम | हालको अवस्था | कार्यक्रम संचालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| नोट :प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्ने। | | | | | | |

**९.उत्पादित वस्तुको बजार योजना :**

| क.स. | उत्पादित वस्तु | उत्पादन परिमाण | उत्पादित वस्तुको बाजार | खरिदकर्ता संग भएको सम्झौता | बजारिकरनको योजना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**१०.आर्थिक प्रस्ताव :**

| क.स. | क्रियाकलप | इकाई | परिमाण | अनुदान रकम | स्व-लगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची -४**
**दफा ४(घ) सँग सम्बन्धित**
**मुल्यांकन गर्ने आधारहरु**

**(क) बाखा प्रवर्द्धन कार्यक्रम तर्फ**

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम र ठेगाना :
मिति :
मुल्यांकन :

| क.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो बिजुली ,पानि ,बजार इत्यादि | १० | | |
| २ | हाल पालिरहेको पशु संख्या (प्रस्ताव गरिएको कार्यक्रम संग सम्बन्धित मात्र )प्रति पशु संख्या पहिलो १५ वटाको १० अंक त्यसपछिको प्रति पशुको १ अंकका दरले अधिकतम १५ अंक पाठापाठीको हकमा ( ३ महिना सम्मको ) प्रति ४ वटा बरावर १ अंकका दरले गणना गरिनेछ | १०+१५ | | |
| ३ | संस्था दर्ता अवधि वार्षिक २ अंकका दरले<br>संस्था दर्ता अवधि (५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानिने | १० | | |
| ४. | घाँस खेतीको लागी बाखाकोहकमा २ रोपनी को लागी ५ अंक सो भन्दा माथि प्रति रोपनी १ अंकका दरले अधिकतम १० अंक | ५+१० | | |
| ५. | मेसिनरी औजार र नवीनतम प्रविधिको प्रयोग अनुशरण तथा अन्य कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षा तथा बिमा | १० | | |
| ७ | कार्ययोजना अनुसूची ३ बमोजिमको | १५ | | |
| ८ | वैदेशिक रोजगारीबाट फर्किएर सम्बन्धित कार्यक्रम अनुसारको व्यवसायमा संलग्न (५ वर्ष भन्दा बढी लाई पूर्ण अंक मानिने( प्रति वर्ष १ अंकका दरले ) | ५ | | |
| ९ | सम्बन्धित क्षेत्रमा तालिम अनुभव (संरक्षणका लागि तोकिएको व्यक्ति | ५ | | |
| | जम्मा | १०० | | |

**अनुसूची -४**
**दफा ४(घ) सँग सम्बन्धित**
**मुल्यांकन गर्ने आधारहरु**

**(ख) भैसी प्रवर्दन तथा गाई भैसी प्रवर्दन कार्यक्रम तर्फ**

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम र ठेगाना :
मिति :
मुल्यांकन :

| क.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो बिजुली ,पानि ,बजार इत्यादि | १० | | |
| २ | हाल पालिरहेको पशु संख्या (प्रस्ताव गरिएको कार्यक्रम संग सम्बन्धित मात्र )प्रति पशु संख्या -४ अंक | २५ | | |
| ३ | संस्था दर्ता अवधि वार्षिक २ अंकका दरले<br>संस्था दर्ता अवधि (५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानिने | १० | | |
| ४. | घाँस खेतीको क्षेत्रफल भैसीको हकमा ५ रोपनी सम्मको लागी ५ अंक र सो भन्दा माथि प्रति रोपनी १ अंकका दरले अधिकतम थप १० अंक | ५+१० | | |
| ५. | मेसिनरी औजार र नवीनतम प्रविधिको प्रयोग अनुशरण तथा अन्य कार्यहरु | ५ | | |
| ६ | जैविक सुरक्षा तथा बिमा | १० | | |
| ७ | कार्ययोजना अनुसूची ३ बमोजिमको | १५ | | |
| ८ | वैदेशिक रोजगारीबाट फर्किएर सम्बन्धित कार्यक्रम अनुसारको व्यवसायमा संलग्न (५ वर्ष भन्दा बढी लाई पूर्ण अंक मानिने | ५ | | |
| ९ | सम्बन्धित क्षेत्रमा तालिम अनुभव (संरक्षणका लागि तोकिएको व्यक्ति | ५ | | |
| | जम्मा | १०० | | |

**अनुसूची ५**

**अनुसूची-१ सँग सम्बन्धित**

**<u>प्रतिबद्धताको ढाँचा</u>**

यस नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति .................. मा प्रकाशित सूचना अनुसार .........................प्रवर्दन कार्यक्रम सञ्चालनको सहभागितको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का/छु/छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा प्रचलित कानून बमोजिम सहुला,बुझाउला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**<u>आवेदकको तर्फबाट</u>**

नामः

पदः

सम्बन्धित संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

संस्थाको छापः

आवेदकको औंठाछापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची ६

कार्यक्रम संचालन गरिने स्थानसम्मको नक्सा

उत्तर

↑

**अनुसूची -७**

**अनुसूची-१ सँग सम्बन्धित**

**<u>स्व-घोषणा पत्र</u>**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

नीलकण्ठ नगरपालिका ,नगर कार्यपालिकको कार्यालय

धादिङ्गबेशी धादिङ्ग ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .........../....../........का दिन .....................मा प्रकाशित सूचना अनुसार ...,...................स्थित ...................ले .............................कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपशिलका बुँदाहरुमा प्रतिवद्वता व्यक्त गर्दछु /छौ ।यदि यस स्व-घोषणामा केहि झुठपाइएमा प्रचलित कानून बमोजिमको सजायको भागेदार हुन मन्जुर रहेको समेत अनुरोध गर्दछु/ छौ ।

तपशिल

१.यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनैपनि प्रतिकुल असर गर्ने छैन ।

२. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सुचिमा परेको छैन ।

३. विगत २ बर्ष यता कुनै पनि सरकारी निकायबाट यसै कार्यकममा अनुदान रकम लिएको छैन ।

आवेदकको नाम : संस्थाको नाम

पदः

ठेगाना : संस्थाको छाप :

औंठा छाप सम्पर्क नं

| दाया | बाँया |
|---|---|
| | |

**अनुसूची ८**

**दफा ८ (क) सँग सम्बन्धित**

**<u>सम्झौताको ढाँचा</u>**

२०८१/०८२ को लागि संघ तथा प्रदेश सरकारबाट "स्थानीय तहमा विनियोजन भई आएका सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत संघ तथा प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका" बमोजिमस्वीकृत कार्यक्रम अनुसार लागत साझेदारीमा .....................................कार्यक्रम सञ्चालन गर्नका लागि मिति....................गते प्रकासित सूचना बमोजिम पेश हुन आएका प्रस्तावहरु मध्ये यस नीलकण्ठ नगरपालिकाको मिति...................को ...................स्तरिय निर्णयबाट श्री .............................. को प्रस्ताव छनौट भएको हुदाँ .......................(यस पछि **प्रथम पक्ष**भनिने) र श्री......................................(यस पछि **दोश्रो पक्ष** भनिने) का बिच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सञ्चालन गर्न मन्जुर भई यो द्विपक्षिय सम्झौता सहिछाप गरिदियौं/लियौं ।

तपसिल

१. .......................कार्यक्रम ............जिल्ला............ नगरपालिका..... नं. वडाको ..............गाँउ/टोलमा मिति ..............सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले .........कार्यक्रम सञ्चालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना बमोजिम निम्न बमोजिमका क्रियाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| क.स | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्न रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| | | | | |

३. प्रथम पक्षले अनुदान रकमबाट ३ प्रतिशत कन्टिजेन्सि वापत र नियमानुसारका अन्य कर कटटा गरि बाकि रकम दोश्रो पक्षको वैङ्क खातामा भुक्तानी दिनेछ ।

४. दोश्रो पक्षले स्वीकृत प्रस्ताव बमोजिमको डिजाईन र लागत ईष्टिमेन्ट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धित डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल, र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राबिधिक कार्यहरु तथा निर्माण,खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

६. दोश्रो पक्षले सुरुमा आफनो लगानिबाट कार्य सुरुवात गरि सम्पन्न भएको कामको नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक, रनिङ्ग बिल, कार्य सम्पन्न प्रतिबेदन, नियमानुसारको भ्याट बिल र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे बढिमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनाको लागि गरिने कार्यहरुतथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारि दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरि अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगि निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नु पर्नेछ ।

१०. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक ---------------------------अवधिको) कार्यक्रमको प्रगति, उपलब्धि तथा कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमतिमा हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. प्रथम पक्षले सम्झौता बमोजिमको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

नोटः द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृतिअनुसारका अन्य सान्दर्भिक बुदाँहरु थप गर्न सकिनेछ ।

**दोश्रो पक्षका तर्फबाट** **प्रथम पक्षका तर्फबाट**

हस्ताक्षरः हस्ताक्षरः

नामः नामः

पदः पदः

कार्यालयः कार्यालयः

कार्यालयको छापः कार्यालयको छापः

**रोहवर**

हस्ताक्षरः हस्ताक्षरः

नामः नामः

पदः पदः

कार्यालयः कार्यालयः

कार्यालयको छापः कार्यालयको छापः

इति सम्बत......................साल.................महिना...............गते......................रोज शुभम् ।